# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ४ चौमाला, कैलाली पुष ०६ गते सोमवार, २०७७ साल, (संख्या ६)


भाग -३

## उद्यमशिलता विकास सहायता सम्वन्धी कार्यविधि, २०७७

**प्रस्तावनाः** गौरीगङ्गा नगरपालिकामा उद्यमशिलताको विकास गर्दै स्थानीय उत्पादन र रोजगारी बृद्धि गर्न घरेलु उद्योगको विकासमा टेवा पुराउन, उद्यमीलाई उपकरण खरिदमा गरीने सहायतालाई छिटो, छरितो, मितब्ययी, पारदर्शी प्रभावकारी, अनुशासित, जवाफदेही एव उत्तरदायी बनाउन वाञ्छनीय भएकोले ,

गौरीगङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, को दफा ४ बमोजिम गौरीगङ्गा नगरपालिकाले "उद्यमशिलता विकास सहायता सम्बन्धी कार्यविधि, २०७७" बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम "उद्यमशिलता विकास सहायता सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भए देखि लागु हुनेछ ।

२. परिभाषा : **बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा**

क) "कार्यविधि" भन्नाले उद्यमशिलता विकास सहायता सम्बन्धी कार्यविधि, २०७७ सम्झनु पर्दछ ।

ख) "नगरपालिका" भन्नाले गौरीगङ्गा नगरपालिका सम्झनु पर्दछ ।

ग) "कार्यालय" भन्नाले गौरीगङ्गा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ङ) “नगर प्रमुख” भन्नाले यस नगर कार्यपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

च) “नगर उप-प्रमुख” भन्नाले यस नगर कार्यपालिकाको नगर उप-प्रमुख सम्झनु पर्दछ ।

च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले यस नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

छ) “उद्यमशिलता विकास ” भन्नाले यस नया व्यावसायीको विकास विकास गर्नु वा व्यावसाय संचालन गरीरहेका व्यावसायीको व्यवसायमा सकारात्मक परिवर्तन गरी व्यवसायको स्तर वृद्धि गर्नु लाई सम्झनु पर्दछ ।

ज) “सहायता” भन्नाले साना तथा घरेलु उद्योगको स्थापना गर्न वा स्थापित उद्योगलाई प्रभाकारी, प्रविधिमैत्री तथा पर्तिसप्रधि बनाउन नगरपालिकाले यस कार्यविधि वमोजिम प्राप्त गर्ने सहयोग लाई सम्झनु पर्ने छ ।

झ) “घरेलु उद्योग” भन्नाले औद्योगिक व्यवसाय ऐन २०७६ को दफा १७ (ख) बमोजमिका उद्योगहरुलाई सम्झनु पर्दछ ।

**३. उद्यमशिलता विकास सहायता वर्ग, समुह तथा क्षेत्रहरु : यस नगरपालिकाबाट उपलव्ध गराईएको उद्यमशिलता विकास सहायताको लक्षित वर्ग, समुह तथा क्षेत्र देहाय बमोजिम हुनेछन् ।**

क) आर्थिक अवस्था कमजोर वा गरिब, असहाय, सिमान्तकृत, लोपोन्मुख, असहाय विपन्न महिला, आर्थिक रुपमा विपन्न युवा, दलित, एकल महिला, द्धन्द्ध पीडित, मुक्त कमैया, हलिया तथा कमलरी, अल्पसंख्यक, अपाङ्गता भएका उद्यम दर्तागरी केही संरचना निर्माण गरेको र सो विषयमा अध्ययन, अनुभव वा तालिम प्राप्त गरी दक्षता हासिल गरेको व्यक्ति ।

ख) नगरपालिका क्षेत्रभित्र स्थायी वसोवास भएका दुई वा दुई भन्दा वढी व्यक्तिहरु एउटै उदेश्य लिई नगरपालिकामा दर्ता भई कुनै घरेलु उद्यम संचालन गरी रहेका समुह ।

ग) नगरपालिका वा कुनै संघ संस्था वा नगरपालिका र संघ संस्थाको सहकार्यमा संचालित सिपविकास तालिम बाट प्रशिक्षित व्यक्ति वा समुहले कार्ययोजना पेश गरेमा ।

घ) घरेलु उद्यम व्यावसायमा प्राकृतिक प्रकोप तथा विपद् (बाढी, पहिरो आगजनी, भुकम्प) मा परी उत्पादनमा असहज अवस्था भई सामान उत्पादन गर्ने मेसिन काम नलाग्ने गरी क्षेती भएमा

ङ) कृर्षिमा व्यवसायीकरण तथा अधुनिकीकरण गर्न चाहाँने व्यक्ति वा समुहले व्यवसाय दर्ता गरी विघाहा भन्दा बढीको क्षेत्रफलमा कृषि उत्पादनकार्यको काम सुरु गरेको अवस्थामा

गौरीगंगा राजपत्र

च) पशुपन्छीजन्ने व्यवसाय दर्ता गरी संचालन गरिहेका व्यवसायी तथा समुहलाई व्यवसायको स्तरउन्नती तथा प्रविधिमैत्री बनाउन

४. **आर्थिक सहायतया वितरण प्रक्रिया** : (१) उद्यमशिलता विकास सहायता पाउन योग्य लक्षित वर्ग, समूहले **अनुसूची -१** बमोजिकको सहायता पाउनुपर्ने आधार, प्रमाणको प्रतिलिपि सहित निवेदन भरी सम्वन्धित वडा कार्यालयमा पेश गर्ने र सो संकलित निवेदनलाई वडा अध्यक्षबाट प्रमाणीकरण गरी तोकेको समय सिमा भित्र नगर कार्यपालिकाको कार्यालयमा निवेदन पेस गर्नु पर्नेछ।

(२) उद्यमशिलता विकास सहायता र सो को प्रकृया देहाय बमोजिम हुनेछ :

क) उद्यमशिलता विकास सहायता लागि प्राप्त निवेदनको आधारमा प्रमाण र स्थलगत अवलोकन गरी मुल्याकन समितिले सुझाव पेश गरेमा नगरपालिकाले सहायता रकम उपलब्ध गराउन सक्नेछ।

(ख) उद्यमशिलता विकासकालागि प्रदान गरीने सहायता उद्यममा प्रविधिको विकास गर्न आवश्यक प्रविधि खरीदमा लाग्ने रकमको कुल लागतमा ५० (पचास) प्रतिसतसम्म वा रु.५०,०००।- (पचास हजार) मा नबढ्ने गरी अनुगमन समितको सिफारीसमा प्रदान गर्न सकिने छ।

(ग) उद्यमशिल विकास सहायता रकम समुह वा साझेदारीमा संचालीत उद्यमलाई प्राथमिकता प्रदान गरिने छ।

(३) उद्यमशिलता विकास सहायता रकम चेक मार्फत उपलब्ध गराउनु पर्नेछ।

५. **प्रतिवेदन पेश गर्नुपर्ने** : (१) यस नगर कार्यपालिकाको कार्यालयबाट त्रैमासिक रुपमा वितरण भएका आर्थिक सहायताहरुको एकमुष्ट विवरण प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकाको बैठकमा पेश गरी स्वीकृत गराउनुपर्नेछ।

६. **उद्यमशिलता विकास सहायता वितरणका पूर्वशर्त** : (१) कार्यविधि बमोजिम उद्यमशिलता विकास सहायता उपलब्ध हुने सामुदायिक संघ संस्था वा संगठनको लागि देहायका पूर्वसर्तहरु पुरा गरेको हुनुपर्नेछ।

(क) यस कार्यविधिले तोकिएको मापदण्ड पूरा भै नगरपालिकाको पेश्की बेरुजु नभएको ,

(ख) नगरपालिकालाई नियमाअनुसार तिर्नु पर्ने कर, महशुल, सेवा शुल्क आदि तिरेको,

(ग) नगरपालिकामा स्थायी वसोवास भई नगरपालिका वा नेपाल सरकारको कुनै निकायमा विधि पूर्वक दर्ता भई उद्यम संचालनको ठेगाना गौरीगङ्गा नगरपालिका रहेको।

गौरीगङ्गा राजपत्र

(घ) स्थानिय स्रोत र साधनको उच्चतम प्रयोग र स्थानीय रोजगारी सृजना गरेको ।

(२) कार्यविधि बमोजिम आर्थिक सहायता उपलब्ध हुने व्यक्ति वा समुहकालागि देहायका पूर्वसर्तहरु पूरा गरेको हुनुपर्नेछ ।

(क) संचालकको नागरिकताको प्रतिलिपी वा परिचय खुल्ने कागजात,

(ख) नगरपालिका वा नेपाल सरकारको कुनै निकायमा दर्ता गरेको प्रमाणपत्र ।

ग) उद्यम सञ्चालनमा रहेको वडा कार्यालयको सिफारिस ,

(घ) प्राकृतिक विपत्ति तथा विपद्को हकमा प्रहरी सर्जमिन मुचुल्का ।

ङ) उद्यम संचालनमा हाल सम्मको लागत विवरण

च) उद्यमशिलता विकास सहायता माग रकम सहितको निवेदन पत्र

७. **उद्यमशिलता विकास सहायता तोकिएको प्रयोजनमा खर्च गर्नुपर्ने** : यस नगरपालिकाबाट जुन प्रयोजनका लागि जे जति रकम आर्थिक सहायताको रुपमा गरेको हो सोही प्रयोजनका लागि सो रकम खर्च गरेको हुनुपर्नेछ र सो को आधिकारिक प्रमाण कागजात नगरपालिकाको कार्यालयको लेखा शाखामा पेश गर्नुपर्नेछ । दुरुपयोग गरेको पाइएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

८. **स्थलगत अनुगमन समिति** :(१) यस नगरपालिकामाबाट प्रदान गरिने उद्यमशिलता विकास सहायताको प्रभावकारीता सम्वन्धमा स्थलगत रुपमा अध्ययन अवलोकन गरी नगरपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्न देहायको एक समिति रहनेछ ।

क) कार्यापालिकाबाट मनोनित कार्यपालिका सदस्य १ जना .....................संयोजक

ख) कार्यपालिकाबाट मनोनित कार्यपालिका सदस्य ३ जना ....................... सदस्य

ग) कानून शाखा प्रमुख ...................................................................सदस्य

घ) सहकारी शाखा प्रमुख ............................................................ सदस्य

ङ) सामाजिक बिकास शाखा वा महिला तथा बालबालिका शाखा प्रमुख...... सदस्य सचिव

(२) समितिको बैठक भत्ता तोकिएको नर्म्स अनुसार हुनेछ ।

९. **यसै कार्यविधि बमोजिम भए गरेको मानिने** : यसअघि यस नगरपालिकाबाट प्रदान गरिएका आर्थिक सहायता समेत यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

गौरीगङ्गा राजपत्र

१०. **कार्यविधिको ब्याख्या संशोधन तथा अनुसूची थपघट** : यस कार्यविधिको आवश्यक व्याख्या, संशोधन तथा अनुसूची थपघट नगर कार्यपालिकाले गर्नेछ ।

गौरीगंगा राजपत्र

अनुसूची –१

## गौरीगङ्गा नगरपालिका चौमाला,कैलाली

## सुदूरपश्चिम प्रदेश

## उद्यमशीलता विकासका लागि औजार उपकरण अनुदान आवेदन फारम

श्री गौरीगङ्गा नगरपालिका

मार्फत् वडा नको कार्यालय.............

**कैलाली ।**

महोदय

गौरीगङ्गा नगरपालिकाको मिति मा प्रकाशित सूचना अनुसार..........................उद्यमशीलता विकास तथा औजार उपकरण अनुदान प्राप्तिका लागि निम्नानुसार विवरण भरी यो निवेदन पेश गरेको गरेकी छु ।/

**व् (क)यक्तिगत विवरणः**

१. निवेदकको नाम ..........................................................................................

२. लिङ्ग (क) पुरुष ☐ (ख) महिला ☐ (ग) अन्य ☐

३. निवेदकको बुबाको नामः.............................................................................

४. निवेदकको आमाको नाम...............................................................................

५. स्थायी ठेगानाः ...........................................................................................

६. सम्पर्क न.......................................................................................................

७. जन्ममिति.....................................................................................................

८. नागरिकता नं. .................. जारी मिति......................... जारी जिल्ला.....................

९. शैक्षिक योग्यता.............................................................................................

१०.तपाई कुन लक्षित वर्ग अन्तर्गत पर्नु हुन्छ ?

*आर्थिक रुपमा विपन्न महिला/आर्थिक रुपमा विपन्न युवा/ दलित/ एकल महिला/ गरीब/विधवा/द्वन्द पीडित/अपाङ्ग/मुक्त कमैया/कमलरी/अल्पसङ्ख्यक/मुक्त हलिया

११.................................. निवेदकको मुख्य पेशा.

१२ सीप .विकासको तालिम लिएको हो ) ?क(☐ख) ☐ईन

(क)लिएको हो भने कुन प्रकारको तालिम लिएको हो .................................................. ?

(ख)लिएको हो भने तालिम लिएको मितिः ......................

(ग)लिएको हो भने तालिम दिने संस्थाको नामः.................................................

**संस्थागत विवरणः (ख)**

१सहकारीको नाम/संस्था/समुह .ः ..............................................................



गौरीगंगा राजपत्र

२सहकारी को ठेगाना/संस्था/समुह.ः .............................................................

३ सहकारी दर्ता/ संस्था/समुह.भएको निकाय र मिति

क.......................................................................(

ख............................................................................(

ग..........................................................................(

५सहकारी प्रकार/संस्था/समुह .ः ................................................................

६ .मुख्य उद्देश्यः .............................................................................................

७ .गर्ने मुख्य कामहरुः

क:...............................

खः.......................................

८ .सम्पर्क व्याक्तिः .................

९ सम्पर्क नम्बरः..................................

व्यावसायिक (ग)विवरणः

१ ...................................................... व्यावसाय को नामः.

२व्यावसाय स्थापना मिति.ः ........................................................................

३दर्ता न .म्बरः ............................

४दर्ता भएका. निकायहरु

क...................................................................................(

ख.....................................................................................(

ग.....................................................................................(

५जम्मा लागत पुँजी व्यावसायको.ः रु........................................... .

६स्थिर पुँजी.ः रु.................................... .

७चालु पुँजी.ः रु.......................................... .

८.उत्पादित वस्तुः ....................................

९.मासिक उत्पादन क्षमताः ..............................

१०.मासिक हालको उत्पादनः ................................................

११.मासिक उत्पादनको लक्ष्यः ....................................................

१२व्याव.सायमा संलग्न मासिक तलब प्राप्त गर्ने दक्ष जनसक्तिः .....................

१३व्यावसायमा संलग्न मासिक तलब प्राप्त गर्ने अदक्ष जनशक्ति.ः .....................

१४व्यावसायमा संलग्न पारिवारिक जनशक्ति.ः ................................................

१५व्यावसा.यको अन्य विवरणः..............................................................................................

गौरीगङ्गा राजपत्र

१६निवेदन गर्नुको मुख्य उद्देश्य.

..............................................................................................................................

१७.........................................................................................अन्य विवरण .

१८...................................................................... वार्षिक आम्दानी रु .

उपरोक्त बमोजिमको विवरणहरु साँची हो,झुठा ठहरे कानुन बमोजिम सहुँलाबुझाउँला भनी सही / छाप गर्ने।

निवेदकको नामः .................................

हस्ताक्षर .....................

मिति ..........................

........................................

समुहकोसंस्थाको छाप/ दाँया बाँया

---

**वडा कार्यालय प्रयोजनको लागि**

निवेदन दर्ता मिति...........................

उपरोक्त विवरणहरु पूर्ण तथा सही छन् भनी प्रमाणित गर्ने वडा अध्यक्ष

नाम............................................................... ............................

हस्ताक्षर .................................. वडा कार्यालयको छाप

आज्ञाले
खगेन्द्र राज जोशी
प्रमुख प्रशासकिय अधिकृत

गौरीगंगा राजपत्र